# बागमती प्रदेशमा एक चौथाई बजेट फ्रिज




**केशव समर्पण**

हेटौंडा- बागमती प्रदेश सरकारको एक चौथाई बजेट खर्च हुन नसकी फ्रिज भएको छ। चालु आर्थिक वर्ष २०८१/०८२ मा कार्यान्वयन गरेको कुल बजेटमध्ये २५.९४ प्रतिशत अर्थात पौने १७ अर्ब रुपैयाँ खर्च हुन नसकेको हो।

प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय हेटौंडाका अनुसार कुल ६४ अर्ब ५४ करोड रुपैयाँको बजेट कार्यान्वयन गरेको प्रदेश सरकारले अन्मित भुक्तानी गर्ने दिन असार २५ गते रातिसम्ममा ४७ अर्ब ७९ करोड रुपैयाँ खर्च गरेको छ। प्रदेशको चालुतर्फ ७१.५१ प्रतिशत र पुँजीगततर्फ ७८.७९ प्रतिशत खर्च भएको बताइएको छ। प्रदेश सरकारले चालु खर्चतर्फ २५ अर्ब ७२ करोड रुपैयाँ बजेट छुट्याएकोमा १८ अर्ब ४० करोड रुपैयाँ र पुँजीगततर्फ ३७ अर्ब ३१ करोड रुपैयाँ विनियोजन गरिएकोमा २८ अर्ब ४० करोड खर्च गर्न सफल भएको प्रदेश लेखा नियन्त्रक कार्यालय प्रमुख हरिप्रसाद उपाध्यायले जानकारी दिए।

बागमतीका १४ मन्त्रालय, आयोग र निकायहरुबाट गरिएको खर्चको प्रगतिलाई आधार मानेर प्रारम्भिक तथ्यांक निकालिएको भएपनि वास्तविक खर्च भने स्थानीय तहमा गएको समपुरक, सशर्त र विशेष अनुदानबापतको रकम फिर्ता भएपछि मात्र निकाल्न सकिने कार्यालय प्रमुख उपाध्यायले बताए। स्थानीय तहमा खर्च हुन नसकेको अनुदान असार मसान्तभित्र फिर्ता हुने र फिर्ता भएको रकमलाई हिसाब गर्दा प्रदेशको कुल खर्च ७० देखि ७२ प्रतिशतमा सीमित हुने उनले अनुमान गरे। प्रदेश सरकारले गत आर्थिक वर्ष २०८०/०८१ मा पनि ७० प्रतिशत बजेट खर्च गरेको थियो।

प्रदेशको १४ मन्त्रालयमध्ये विनियोजनको आधारमा सबैभन्दा बढी प्रतिशत खर्च खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले गरेको छ। मन्त्रालयको कुल बजेट ७ अर्ब ४७ करोडमध्ये ६ अर्ब ९५ करोड रुपैयाँ अर्थात ९३ प्रतिशत खर्च भएको छ। प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले कुल विनियोजित ४७ करोड ११ लाख रुपैयाँ बजेटमध्ये ३७ करोड ८६ लाख रुपैयाँ अर्थात ८० प्रतिशत खर्च गरेको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले २ अर्ब १५ करोड २३ लाख रुपैयाँ बजेटमध्ये १ अर्ब ६८ करोड रुपैयाँ अर्थात ६७.२९ प्रतिशत खर्च गरेको जनाएको छ। कुल बजेटको करिब एक तिहाई हिस्सा ओगटेको भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतबाट ७५ प्रतिशत बजेट कार्यान्वयन भएको छ। भौतिकको कुल २३ अर्ब १३ करोड रुपैयाँ मध्ये १७ अर्ब ३४ करोड रुपैयाँ खर्च भएको छ। यस्तै सामाजिक विकास मन्त्रालयको ३ अर्ब ९३ करोड रुपैयाँ बजेटमध्ये ३ अर्ब २० लाख रुपैयाँ खर्च भएको छ भने स्वास्थ्य मन्त्रालयको ४ अर्ब १६ करोड बजेटमध्ये ३ अर्ब ३० करोड रुपैयाँ खर्च भएको जनाइएको छ।

यता वन तथा वातावरण मन्त्रालयको ३ अर्ब ३८ करोड रुपैयाँ बजेटमध्ये ७९ प्रतिशत, संस्कृति, पर्यटन मन्त्रालय (सहकारी मन्त्रालयसहित) ले २ अर्ब ६४ करोड रुपैयाँ बजेटमध्ये ७८.२६ प्रतिशत खर्च गरेको जनाइएको छ। श्रम रोजगार तथा यातायात मन्त्रालयको ९४ करोड ६८ लाख रुपैयाँ बजेटमध्ये ६०.६३ प्रतिशत बजेट खर्च भएको छ भने युवा तथा खेलकुद मन्त्रालयले ८२ करोड ८ लाख रुपैयाँ बजेटमध्ये ७९.२९ प्रतिशत खर्च गरेको छ।

उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको ७३ करोड ७९ लाख रुपैयाँ बजेटमध्ये ७१.६३ प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयको २५ करोड ५३ लाख रुपैयाँ बजेटमध्ये ६१ प्रतिशत बजेट खर्च भएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको ४८ करोड १८ लाख रुपैयाँ बजेटमध्ये ५१.२६ प्रतिशत खर्च भएको छ। स्थानीय तह अनुदानतर्फ ७ अर्ब ८३ करोड रुपैयाँ अर्थात कुल विनियोजनको ९३ प्रतिशत बजेट निकासा भएको कार्यालयले जनाएको छ।

## कोशी सरकारको बजेट खर्च ७७ प्रतिशत

विराटनगर (कास)- कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०८१/०८२ मा कुल बजेटको ७७ प्रतिशतभन्दा बढी रकम खर्च गर्न सफल भएको छ।

चालु आर्थिक वर्षको अन्त्यसम्ममा पुँजीगत खर्च चालू खर्चभन्दा अगाडि देखिनु प्रदेश सरकारको बजेट कार्यान्वयनतर्फको सुधारको संकेतका रूपमा लिइएको छ। प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार ३५ अर्ब २७ करोड ९३ लाख रुपैयाँको कुल विनियोजनमध्ये २७ अर्ब २५ करोड ६० लाख रुपैयाँ खर्च भएको छ। जुन कुल बजेटको ७७.२६ प्रतिशत हो।

विशेषगरी विकास निर्माणसँग जोडिएको पुँजीगत खर्च १३ अर्ब ८२ करोड पुगेर कुल पुँजीगत बजेटको ७९.२६ प्रतिशत पुगेको छ। चालू खर्च भने १२ अर्ब ४२ करोड रुपैयाँमा सीमित रहेको छ। जुन चालू बजेटको ७५.२९ प्रतिशत मात्र हो। समग्रतामा, पुँजीगत खर्च चालू खर्चभन्दा करिब ४ प्रतिशत बढी छ।

मन्त्रालयगत खर्च विश्लेषण गर्दा भौतिक पूर्वाधार विकास मन्त्रालयले सबैभन्दा बढी रकम खर्च गरेको छ। मन्त्रालयले विनियोजित ११ अर्ब १८ करोडमध्ये ८ अर्ब ५० करोड रुपैयाँ खर्च गरी ७६.०३ प्रतिशत कार्यान्वयन गरेको छ।

खर्च अनुपातको आधारमा सबैभन्दा राम्रो प्रदर्शन भने खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयको देखिएको छ। उक्त मन्त्रालयले विनियोजित ४ अर्ब ४२ करोड ५३ लाख रुपैयाँमध्ये ४ अर्ब ४ करोड रुपैयाँ खर्च गरी ९१.५१ प्रतिशत खर्च कार्यान्वयन गरेको छ।

बजेटको नीति तथा कार्यक्रमको नेतृत्व गर्ने मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले भने मात्र ६०.०९ प्रतिशत खर्च गरेको छ। यस्तै बजेट निर्माण र स्रोत व्यवस्थापनको जिम्मेवारी लिएको आर्थिक मामिला तथा योजना मन्त्रालयले ५३.१३ प्रतिशत मात्र खर्च गरेको छ। जुन प्रदेश सरकारकै समग्र कार्यक्षमतामाथि प्रश्न उठाउने खालको छ। स्वास्थ्य मन्त्रालयले ७० प्रतिशत खर्च कार्यान्वयन गरेको देखिएको छ। स्वास्थ्य मन्त्रालयका लागि विनियोजित ३ अर्ब ४३ करोडमध्ये २ अर्ब ४० करोड रुपैयाँ खर्च भएको हो।

स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फको खर्च पनि सन्तोषजनक देखिएको छ। विनियोजित ४ अर्ब ८५ करोड ६५ लाख रुपैयाँमध्ये ४ अर्ब ६७ करोड ९४ लाख रुपैयाँ खर्च भएको छ, जुन करिब ९६ प्रतिशत हो। विगतका वर्षहरूमा विशेषगरी पुँजीगत बजेट खर्च नहुने समस्या रहेकोमा चालु वर्षको विवरणले सुधारको संकेत गरेको देखिन्छ।

### आठ वर्षसम्म बजेट कार्यान्वयनको अवस्था भएन सुधार

# कर्णालीको बजेट खर्च ६४.८६ प्रतिशतमै सीमित

**हेमन्त केसी**

वीरेन्द्रनगर- कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८१/०८२ मा विनियोजन गरेको बजेटबाट ६४.८६ प्रतिशत बजेट कार्यान्वन गरेको छ। विगत आठ वर्षदेखि कर्णालीको बजेट कार्यान्वनको अवस्था सुधार हुन सकेको छैन। हाल कर्मचारीदेखि अन्य व्यवस्थाप सुधारका काम भएपनि बजेट कार्यान्वनले भने गति लिन नसकेको हो।

असार २५ गते राती १२ बजेसम्म यो बजेट कार्यान्वन भएको प्रदेश लेखा नियन्त्रण कार्यालय सुर्खेतका प्रदेश लेखा नियन्त्रक रत्नप्रसाद सुवेदीले जानकारी दिए। उनका अनुसार चालुतर्फ ७५.५९ प्रतिशत र पुँजीगततर्फ ५८.६३ प्रतिशत खर्च भएको छ। प्रदेश सरकारले कुल बजेट ३१ अर्ब ३० करोडमध्ये २० अर्ब ३० करोड खर्च भएको छ। प्रदेश सरकारले ११ अर्ब १० लाख खर्च गर्न नसकेको नियन्त्रक सुवेदीले बताए।

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको ३३ करोड ५७ लाख बजेटमा १८ करोड २७ लाख खर्च गरेको छ। अर्थात कुल बजेटको ५४.४३ प्रतिशत बजेट कार्यान्वन गरेको छ। आर्थिक मामिला तथा योजना मन्त्रालयको १७ करोड ५३ लाख बजेटमध्ये १३ करोड ९७ लाख अर्थात ७९.७२ प्रतिशत बजेट खर्च भएको छ। उद्योग पर्यटन वन तथा वातारण मन्त्रालयको एक अर्ब ९५ करोड बजेटमध्ये एक अर्ब ४१ करोड अर्थात ७२.६४ प्रतिशत बजेट कार्यान्वन भएको छ।

त्यस्तै जलस्रोत तथा उर्जा विकास मन्त्रालयको दुई अर्ब ८६ करोड ८४ लाखमध्ये दुई अर्ब २८ करोड अर्थात ७९.८४ प्रतिशत बजेट कार्यान्वन भएको छ। त्यस्तै भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको एक अर्ब ८६ करोड ४२ लाखमध्ये एक अर्ब २९ करोड ३० लाख अर्थात ६९.३६ प्रतिशत बजेट खर्च भएको छ। आन्तरिक मामिला तथा कानुन मन्त्रालयको ३७ करोड ५६ लाखमध्ये २६ करोड ६९ लाख अर्थात ७१.५ प्रतिशत बजेट कार्यान्वन भएको छ।

प्रदेशको सबै भन्दा बढी बजेट रहेको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको कुल बजेट १० अर्ब ४३ करोड ५८ लाख ९ हजार रुपैयाँ रहेकोमा हालसम्म पाँच अर्ब ९९ करोड ८५ लाख अर्थात ५७.५१ प्रतिशत मात्र बजेट कार्यान्वन भएको छ। सामाजिक विकास मन्त्रालयको पाँच अर्ब ६९ करोड बजेटमध्ये चार अर्ब नौ करोड ६५ लाख अर्थात ७१.९३ प्रतिशत कार्यान्वन भएको छ।

प्रदेश सरकारले स्थानीय तहलाई पठाएको चार अर्ब ८३ करोड ३५ लाखमध्ये चार अर्ब ३८ करोड २१ लाख अर्थात ९०.६६ प्रतिशत बजेट कार्यान्वन भएको छ। प्रदेश व्यवस्थापिकामा १४ करोड ५० लाख विनियोजन गरेकोमा असार २५ गतेसम्म ११ करोड २५ लाख अर्थात ७७.६१ प्रतिशत खर्च गरेको छ। विकास बजेट कार्यान्वनका हिसावले जलस्रोत तथा उर्जा विकास मन्त्रालय अगाडी देखिएको छ। मुख्यमन्त्री यामलाल कँडेलले बजेट कार्यान्वन गर्नका लागि पटक पटक जिल्ला भ्रमण तथा कार्यालय प्रमुख, मन्त्री तथा सचिवलाई बोलाएर निर्देशन दिएपनि बजेट कार्यान्वनको अवस्था फेरिन सकेका छैन। ३५ वटा अलपत्र योजनाको प्रगती नहुँदा बजेट खर्च कम भएको देखिएको छ। ७५ प्रतिशत बजेट कार्यान्वन हुने भन्दै दावी गरिएपनि त्यो गलत सावित भएको छ।

यस्तो छ आठ वर्षको बजेट कार्यान्वनको अवस्था

आर्थिक वर्ष २०७४/०७५ मा एक अर्ब दुई करोड बजेट विनियोजन हुँदा ७ प्रतिशत मात्र बजेट कार्यान्वन भएको थियो। आर्थिक वर्ष २०७५/०७६ मा २८ अर्ब २५ करोड बजेट विनियोजन हुँदा ३६.३७ प्रतिशत बजेट कार्यान्वनमा आयो। आर्थिक वर्ष २०७६/०७७ मा ३४ अर्ब ३५ करोड रुपैयाँ विनियोजन गर्दा ४८ प्रतिशत मात्र बजेट कार्यान्वनमा गएको थियो। आर्थिक वर्ष २०७७/०७८ मा ३३ अर्ब ७४ करोड विनियोजन हुँदा ६५.५२ प्रतिशत बजेट कार्यान्वनमा गएको थियो।

आर्थिक वर्ष २०७८/०७९ मा ३६ अर्ब ५४ करोड ६६ लाख ३६ बजेट ल्याएकोमा ६२.३६ प्रतिशत बजेट खर्च भएको थियो। आर्थिक वर्ष २०७९/०८० मा ३२ अर्ब ६१ करोड ६१ लाख विनियोजन भएकोमा ६४.५४ प्रतिशत खर्च भयो। यस्तै आर्थिक वर्ष २०८०/०८१ मा ३३ अर्ब ३७ करोड ९७ लाख विनियोजन भएकोमा ६०.४३ प्रतिशत बजेट कार्यान्वनमा आएको थियो। आर्थिक वर्ष २०८१/०८२ मा ३१ अर्ब ४१ करोड बजेट विनियोजन भएकोमा ६४.८६ खर्च भएको छ।

पछिल्ला आठ आर्थिक वर्षमा २ खर्ब ३१ अर्ब ३२ करोड रुपैयाँ बजेट प्रदेश सरकारले ल्याएको छ। हालसम्मका सबै बजेट असारमै बढी खर्च भएको पाइएको छ। यो आवको बजेट विगतकै भन्दा फरक नहुँदा मुख्यमन्त्री कँडेलले गरेको दावी अस्वीकृत भएको छ। उनले ७५ प्रतिशत बजेट कार्यान्वन गर्ने लक्ष्य राखेका थिए।

# लुम्बिनीको पुँजीगत खर्च ७२.८७ प्रतिशत

**अमरराज आचार्य**

दाङ- लुम्बिनी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१/०८२ मा पुँजीगत खर्च ७२.८९ प्रतिशत खर्च भएको छ।

असार २५ गते भुक्तानी रोकिनु अघिसम्म सो पुँजीगत खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ। असार २५ गतेबाट भुक्तानीसमेत रोकिएको हो। प्रदेश सरकारको सञ्चित कोषमा रकम सकिएपछि असार १६ गतेदेखि भुक्तानी दिन रोकिएको थियो। चालु आर्थिक वर्षमा पुँजीगततर्फ २४ अर्ब ५८ करोड ५९ लाख बजेट रहेको थियो। जसमा १७ अर्ब ९१ करोड ६० लाख खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ। जुन खर्च ७२.८७ प्रतिशत हो।

असार २५ सम्म चालुतर्फ ८९.२७ प्रतिशत खर्च भएको छ। चालुतर्फ १४ अर्ब ३८ करोड ४१ लाख बजेट रहेकोमा छ १० अर्ब ३० करोड ९९ लाख खर्च भएको छ। चालु आर्थिक वर्षको असार २५ गतेसम्म कुल बजेटको ७२.४३ प्रतिशत बजेट खर्च भएको छ। चालु आर्थिक वर्षमा ३८ अर्ब ९७ करोड बजेट रहेको थियो। जसमा २८ अर्ब २२ करोड ५९ लाख खर्च भएको छ।

यस प्रकारको खर्च सन्तोषजनक अवस्था मान्न नसकिने आर्थिक क्षेत्रका जानकारहरु बताउँछन्। संघीय सरकारले पटक-पटक बजेट खर्च गर्न ताकेता गर्दा पनि खर्च हुन नसेकेको हो। यो खर्च पनि अघिल्लो आर्थिक वर्षको तिर्नुपर्ने दायित्वसहितको हो। अघिल्लो वर्षमा काम सम्पन्न गरेका निर्माण व्यवसायीले चालु आर्थिक वर्षमा आएर भुक्तानी प्राप्त गरेका हुन्। यसले पनि केही खर्च बढेको देखिएको छ। बजेट हुँदा खर्च गर्न नसक्नु बजेट कार्यान्वनमा कर्मचारीको छिटो-छिटो सरुवा, बजेट कार्यान्वन गर्न तदारुकता नदेखाउने प्रवृति, निर्माण सामग्रीको अभाव तथा नागरिकको अपेक्षा एकातिर योजना अर्कोतिर हुँदा पनि समस्या देखिएको छ।

कार्यालयको प्रतिवेदन अनुसार प्रदेशसभाको ८४.४३ प्रतिशत बजेट खर्च भएको छ। जसमध्ये चालुतर्फ ८७.७७ र पुँजीगततर्फ ८२.९२ प्रतिशत बजेट खर्च भएको छ। प्रदेश लोकसेवा आयोगको जम्मा ८९.९२ प्रतिशत बजेट खर्च भएको छ। जसमा चालुतर्फ ९२.९९ प्रतिशत र पुँजीगततर्फ ५३.५० प्रतिशत बजेट खर्च भएको छ। प्रदेश योजना आयोगले चालुतर्फ ४२.४६ प्रतिशत र पुँजीगततर्फ ८.५२ प्रतिशत गरी जम्मा ४०.०६ प्रतिशत बजेट खर्च गरेको छ।

अर्थ विविधतर्फको कुनै पनि बजेट खर्च भएको छैन। अर्थ विविधमा ७५ करोड ३७ लाख ७६ हजार बजेट रहेको थियो। स्थानीय तह निकासातर्फ चालु शीर्षक अन्तर्गत ८९.२७ प्रतिशत बजेट खर्च भएको छ। स्थानीय तहमा जाने बजेट चालु शीर्षक अन्तर्गत जाने गरेको छ। जुन चालु तथा पुँजीगतमा खर्च हुन्छ।

यसैगरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको जम्मा ३८.४२ प्रतिशत खर्च भएको छ। जसमा चालुतर्फ ४० प्रतिशत र पुँजीगततर्फ २२.२६ प्रतिशत मात्रै बजेट खर्च भएको छ। आर्थिक मामिला मन्त्रालयको जम्मा ६८.२० प्रतिशत बजेट खर्च भएको छ। जसमा चालुतर्फ ६८.११ प्रतिशत र पुँजीगततर्फ ६९.९२ प्रतिशत खर्च भएको छ। उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयको चालुतर्फ ५६.४७ प्रतिशत र पुँजीगततर्फ ६६.६० प्रतिशत गरी जम्मा ६२.२२ प्रतिशत बजेट खर्च भएको छ। त्यसैगरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको ७७.०७ प्रतिशत बजेट खर्च भएको छ। जसमा चालुतर्फ ७०.७४ र पुँजीगततर्फ ७७.६१ प्रतिशत खर्च भएको छ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको जम्मा ६.०९ प्रतिशत बजेट खर्च भएको छ। जसमा चालुतर्फ ४.८० प्रतिशत र पुँजीगत तर्फ २५.०८ वजेट खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रतिवेदनमा उल्लेख छ।

त्यसैगरी कृषि तथा भूमि व्यवस्था मन्त्रालयको ६९.९९ प्रतिशत बजेट खर्च भएको छ। जसमा चालुतर्फ ६८.५८ प्रतिशत र पुँजीगततर्फ ५९.५३ प्रतिशत रहेको छ। आन्तरिक मामिला कानुन तथा सहकारी मन्त्रालयको जम्मा ६१.८३ प्रतिशत बजेट खर्च भएको छ। जसमा चालुतर्फ ६५.७८ प्रतिशत र पुँजीगततर्फ ५५.५९ प्रतिशत बजेट खर्च भएको छ।

वन तथा वातावरण मन्त्रालयको जम्मा ६५.७५ प्रतिशत बजेट खर्च भएको छ। जसमा चालुतर्फ ७४.५३ र पुँजीगततर्फ ५६.५९ प्रतिशत बजेट खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ। यस्तै भौतिक पूर्वाधार विकास मन्त्रालयको जम्मा ६६.९३ प्रतिशत खर्च भएको छ। जसमा चालुतर्फ ६५.५८ र पुँजीगततर्फ ६६.९९ प्रतिशत वजेट खर्च भएको छ।

खानेपानी ग्रामीण तथा सहरी विकास मन्त्रालयको जम्मा ८४.५५ प्रतिशत बजेट खर्च भएको छ। जसमा चालुतर्फ ६७.५६ र पुँजीगत तर्फ ८५.४० प्रतिशत बजेट खर्च भएको छ।

सामाजिक विकास मन्त्रालयको जम्मा ७१.३८ प्रतिशत बजेट खर्च भएको छ। जसमा चालुतर्फ ७५.४० प्रतिशत र पुँजीगततर्फ ६५.४५ प्रतिशत बजेट खर्च भएको छ। त्यस्तै स्वास्थ्य मन्त्रालयको जम्मा बजेट खर्च ८६..०४ प्रतिशत भएको छ। जसमा चालुतर्फ ८२.८६ प्रतिशत र पुँजीगततर्फ ८९.९७ प्रतिशत बजेट खर्च भएको छ।

# दृष्टिविहीनद्वारा सरफ उद्योग सञ्चालन

बागलुङ (रासस)-बागलुङ नगरपालिका-३ रात्माटामा नेत्रहीन कालिका सरफ उद्योग सञ्चालन भएको छ। नेत्रहीनले मागेर होइन पौरख गर्न सक्छन् भन्ने सन्देश दिने उद्देश्यले नगरको सहयोगमा उद्योग सञ्चालनमा ल्याइएको हो।

नगरपालिकाको सहयोगमा स्थापना भएको उद्योगमा तत्काल चार जनालाई रोजगारी दिनेगरी आठ लाख लागतमा कपडा धुनका लागि प्रगोग गरिने सरफ उद्योग सञ्चालनमा ल्याइएको हो। उद्योगको बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले उद्घाटन गरेका छन्। नगरप्रमुख श्रेठले उद्योग स्थापनामा सघाएको बागलुङ नगरपालिकाले उद्योगबाट उत्पादन भएको सरफको बजारीकरणमा पनि सहयोग गर्ने प्रतिबद्धता जनाए। उनले नगरले सोही सरफ प्रयोग गर्ने जनाउँदै बागलुङ बजारमा सरफको बजारीकरणमा नगरले सहजीकरण र समन्वय गर्ने बताए। उनले उद्योगको निरन्तरताका लागि नेत्रहीन संघ सक्रिय भएर लाग्न आग्रह गरे।

एक जना सबलाङ्गा कर्मचारीलाई बुटवलमा प्रशिक्षण दिएपश्चात् बागलुङको रात्माटाको सामुदायिक भवनबाट उद्योग सञ्चालनमा ल्याइएको प्रमुख श्रेष्ठले जानकारी दिए।

उद्योग स्थापनाका लागि नगरले चार लाख सहयोग गरेको यहाँस्थित नेत्रहीन संघका सचिव विकल थापाले बताए। आगामी दिनमा बागलुङका दृष्टिविहीन मागेर हैन गरेर खाने अवस्थामा पुग्ने उनले विश्वास व्यक्त गरे। 'अब दृष्टिविहीनहरू चोकमा गीत गाउँदै माग्दै हिँडेर भएन, उद्योगमा उत्पादन भएको सरफको बजारीकरण गर्दै हिँड्न पऱ्यो, कालिका शक्ति सरफ उत्पादन गरी बजारमा ल्याएका छौं, हरेक दिन तीन सय प्याकेट उत्पादन क्षमता रहेको यस उद्योगलाई नगरले चार लाख सहयोग गरेको छ' थापाले भने, 'बजारीकरणमा नगरले सहजीकरण गर्ने प्रतिबद्धता जनाएकाले नेत्रहीन साथीहरूले पनि कर्मचारीको सहयोगमा 'प्याकेजिङ' तथा बजारीकरणमा सघाउँन सक्नेछन्।'


**मुक्तिनाथ विकास बैंक लि. शाखा कार्यालय जमल स्थानान्तरण सम्बन्धी सूचना।**

(प्रकाशित मिति २०८२ साल आषाढ २७ गते शुक्रबार)

यस विकास बैंकको काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. २७ जमलमा रहेको जमल शाखा कार्यालय, हाल सञ्चालनमा रहेको स्थानबाट काठमाण्डौं महानगरपालिका वडा नं. ४ धुम्बाराही स्थित चिलिमे टावरको पहिल्लो तल्लाबाट मिति २०८२।०३।२९ तदनुसार १३ जुलाई २०२५ गते आईतबारका दिनदेखि स्थानान्तरण भई धुम्बाराही शाखाको नामबाट कारोवार सञ्चालन गरिने व्यहोरा बैंकका समस्त ग्राहक महानुभावहरु लगायत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

बैंकको जमल शाखाबाट प्रवाह भएको तथा स्थानान्तरण पश्चात धुम्बाराही शाखाबाट प्रवाह हुने सुविधा तथा अन्य थप जानकारीको लागि टेलिफोन नम्बरहरु ९८०२३०६१३९, ९८०२२६२३६५, ९८०२२६२३८२ मा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं।

यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति बैंक क्षमाप्रार्थी छ।

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



**बुङ्गल हाइड्रो लिमिटेड**
BUNGAL HYDRO LIMITED
रजिष्टार कार्यालयः ललितपुर म.न.पा.-३, धोबिघाट, ललितपुर, फोन नं.: ०१-५५२२२२७, ५५२४३३५
इमेलः info.kbhep@gmail.com वेबसाइटः www.bungalhydro.com.np

**सच्याइएको**

मिति २०८२ असार २२ गतेको "कारोवार" दैनिकमा प्रकाशित बुङ्गल हाइड्रो लिमिटेडको आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु र विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि निष्काशनको लागि प्रकाशित गरिएको अव्हान पत्रको बुंदा नं. ९.को सि. नं. १२ र १३ मा शेयर स्वमित्व कित्ता क्रमशः ५७,७४५ र ५४,००० हुनु पर्नेमा अन्यथा हुन गएकोले यसै सूचना मार्फत सच्याइएको जानकारी गराईन्छ।

निष्काशन तथा बिक्री प्रवन्धकः
हिमालयन क्यापिटल लिमिटेड
Himalayan Capital
पो.ब.नं. ४५१८, कमलादी, काठमाडौं, फोनः ०१-५९७०६७५
इमेलः info@himalayancapital.com, वेबसाइटः www.himalayancapital.com


# कोसी प्रदेशमा चिया विकास बोर्ड गठन गर्न माग

झापा (कास)- चिया किनान तथा सारोकारवालाहरुले कोसी प्रदेशमा चिया क्षेत्रको प्रवर्द्धनका लागि चिया सम्बन्धी ऐन-कानुनसँगै चिया विकास बोर्ड गठन गर्नुपर्ने माग गरेका छन्।

चिया तथा कफी विकास बोर्ड क्षेत्रीय कार्यालय बिर्तामोडले गरेको कार्यक्रमका सहभागीले कोसीमा छुट्टै चिया नीति तथा चिया विकास बोर्ड गठन गरेर सो क्षेत्रमा देखिएका समस्या समाधान गर्न सबै एकजुट हुनुपर्ने बताए। कोसी प्रदेशको निर्यात अर्थतन्त्रमा महत्वपूर्ण योगदान ओगटेको र प्रदेशकै पहिचान चिया भएकाले चिया विकास बोर्ड गठन गर्न सके यस क्षेत्रमा देखिएका सबै समस्या समाधान गर्न सकिने उनीहरुको भनाइ छ।

कोसी प्रदेशका मन्त्री तथा सांसदहरुले कोसी प्रदेशमा चिया नीति तथा ऐन निर्माणको प्रक्रिया अघि बढाउँदै चिया विकास बोर्ड गठन गर्न आफूहरु लागिपर्ने प्रतिबद्धतासमेत जनाएका छन्। कोसीको कूल उत्पादनमा ११ अर्बको योगदान पुऱ्याउने चिया क्षेत्रको




प्रवर्द्धनका लागि चियासम्बन्धी ऐन-कानुन र चिया विकास बोर्ड गठन गर्नुपर्ने उनीहरुको धारणा छ। उनीहरुले सबै समस्याको हल गर्न चिया नीति तथा ऐन निर्माण गरेर जानुपर्नेमा जोड दिए।

९८ प्रतिशतभन्दा बढी चिया क्षेत्र रहेको कोसी प्रदेशमा चिया विकास बोर्ड नहुनु, कोसी प्रदेशको चिया सम्बन्धी नीति तथा कानुन नहुनु दुःखद् भएको कोसी प्रदेशका खानेपानी सिँचाइ तथा ऊर्जामन्त्री एकराज कार्कीले बताए। चिया समस्याको मुल जड नै चिया विकास बोर्ड तथा चिया सम्बन्धी नीति तथा कानुन नहुनु भएको बताउँदै उनले आगामी हिउँदे अधिवेशनमा चिया नीति तथा ऐन ल्याउन पहल गर्ने प्रतिबद्धता जनाए।

उनले चिया ऐन बनाउने विषयमा अन्योल रहेको बताउँदै संघीय सरकारले कानुन नबनाएसम्म प्रदेश सरकारले चिया ऐन बनाउन नसक्ने जनाए।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डलाई प्रदेश मातहत ल्याउन नसकिए पनि प्रदेश सरकारले प्रदेशस्तरीय चिया विकास बोर्ड गठन गर्न सक्ने भएकाले त्यसतर्फ आफूहरु लागिपर्ने उनले आश्वासन दिए।

कोसी प्रदेश सभा नेपाली कांग्रेसका प्रमुख सचेतक गोपाल तामाङले चिया क्षेत्रका समस्या तत्काल सरकारले सुन्नु पर्ने बताउँदै प्रदेशस्तरिय चिया विकास बोर्ड स्थापनामा जोड दिए।

त्यस्तै प्रदेश सांसद शमशेर राईले चिया क्षेत्रको समस्या हल गर्न गैरसरकारी विधेयकबाट भएपनि चिया ऐन ल्याउनुपर्ने, अक्सन सेन्टर नेपालमै बनाउनुपर्ने, अन्तर्राष्ट्रिय मान्यता प्राप्त टी टेष्टिङ ल्याब स्थापना गर्नुपर्ने र विषादिरहीत चिया उत्पादनमा जोड दिनुपर्ने बताए।

सूर्योदय टी प्रोड्युसर एशोसिएशनका उपाध्यक्ष अरविन्द गिरीले चियामा आवश्यक मलखादको सहज आपूर्तिको व्यवस्था हुनुपर्ने, चियामा देखिएको नयाँ रोग नियन्त्रणका लागि ध्यान दिनुपर्ने बताए। त्यस्तै चिया श्रमिक नेताहरु दीपक तामाङ, सन्त राई, सीता सापकोटा लगायतले समयानुकुल ज्यालाबृद्धि, समयमै ज्यालाभुक्तानी, सामाजिक सुरक्षा कोषको कार्यान्वयन, श्रमिकलाई रासन कार्डको व्यवस्था लगायतमा जोड दिए। उनीहरुले चिया क्षेत्रमा देखिएका समस्या समाधान गर्नका लागि कोसी प्रदेशले चिया नीति बनाउन तथा कोसी प्रदेशमै चिया विकास बोर्ड गठन गर्न आग्रह गरे।

कोसी प्रदेशमा वार्षिक ११ अर्ब रुपैयाँभन्दा बढीको चिया उत्पादन हुँदै आएकोमा छ अर्ब रुपैयाँ बराबरको चिया भारत तथा तेस्रो मुलुक निर्यात हुँदै आएको छ। त्यसैगरी ५ अर्ब रुपैयाँको चिया स्वदेशमै खपत हुँदै आएको नेपाल चिया उत्पादक संघका अध्यक्ष तथा प्रदेश चिया समन्वय समितिका अध्यक्ष आदित्य पराजुलीले बताए। ६५ हजारभन्दा बढी श्रमिक र त्यति नै संख्यामा कृषकले चिया क्षेत्रबाट प्रत्यक्ष रोजगारी पाएको बताउँदै उनले चियाका दर्जनौ उद्योगमा अर्बौ लगानी रहेको जनाए।